कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कामकारोवार गर्न इजाजतपत्र प्राप्त

# ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.

# Global IME Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय: बेसीशहर-८, लमजुङ, फोन नं. ०६६-५२११७७, ५२१२९६

*(A Subsidiary Company of Global IME Bank Ltd)*

E-mail: info@gilb.com.np; www.gilb.com.np

**को**

## "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजीरु.११,०४,५७,५००/-को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एककित्ता साधारण शेयर)को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.११,०४,५७,५००/-बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ११,०४,५७५कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा / नोक्सानमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ:**

| विवरण | वास्तविक | | | आ.व.* ०७५/०७६ चैत्र मसान्तसम्मको अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७२।७३ | आ.व. ०७३।७४ | आ.व. ०७४।७५ | | आ.व.०७५।७६ | आ.व.०७६।७७ | आ.व.०७७।७८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११८.१९ | ११२.२९ | १३१.०८ | १२९.८१ | १२९.४५ | १४१.८७ | १४७.५९ |
| प्रति शेयर आम्दानी (रु.) | ३३ | १४ | १६ | २२ | २४ | ३१ | ३५ |
| सञ्चित मुनाफा/(नोक्सान) (रु.हजारमा) | ४,२५३ | ७९० | ३,३३० | ४०,८२५ | ९,०२० | १५,८२९ | १९,१४४ |

### धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उदघोषण:

हामीलाई ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडतथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड .४ प्लस"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड .४ प्लस"** ले औसतभन्दा तल आधारहरु **(Below-Average Fundamentals)** जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus)चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २५/०१/२०७६ (May ०८, २०१९) गते।**

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७६/०३/२४ गते ।
हकप्रद शेयर निष्कासन खुल्लाहुने मिति : २०७६/०४/२१ गते ।
हकप्रद शेयर निष्कासन बन्द हुने मिति : २०७६/०५/२३ गते ।(बैंकिङ समय पश्चात्) ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :

## लक्ष्मी क्यापिटल मार्केट लिमिटिड

## Laxmi Capital Market Limited

**(100% Subsidiary of Laxmi Bank Limited)**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
पो.व.नं.८४४९, नयां बानेश्वर, काठमाडौं, नेपाल,
फोन नं.–९७७-०१-४७८०२२२, ४७८१५८२ फ्याक्स नं.– ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको Website: www.laxmicapital.com.np,ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको Website:www.gilb.com.npर नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

(क) **संगठित संस्थाको नाम :** ग्लोबल आइएमईलघुवित्त वित्तीय संस्था लिमिटेड **(Global IME Laghubitta Bittiya Sanstha Ltd.)**।

(ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय:**यस लघुवित्तवित्तीय संस्थाको रजिष्टर्ड कार्यालय प्रदेश नं. ४, लमजुङ्ग जिल्ला,बेसीशहर नगरपालिका वार्ड नं. ८मा रहेको छ ।

(ग) **कारोबार स्थान:**यस लघुवित्त वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३बमोजिम "घ" वर्गको राष्ट्रियस्तरको खुद्राकर्जा प्रदान गर्ने वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाको रजिष्टर्ड (कर्पोरेट) कार्यालय लमजुङ्ग जिल्ला बेसीशहर नगरपालिका वार्ड नं. ८ स्थित र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी तपसील बमोजिमका शाखा कार्यालयहरुबाट समेतवित्तीय कारोवार गर्दै आईरहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अधिनमा रहि आवश्यकता अनुसार शाखा उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

तपसील:

| क.स. | शाखाको नाम | ठेगाना | क.स. | शाखाको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | बेसीशहर शाखा | बेसीशहर, लमजुङ्ग | ३३. | सबैला शाखा | सबैला, धनुषा |
| २ | चरौदी शाखा | धुसा, धादिङ्ग | ३४. | बरहथवा शाखा | बरहथवा, सर्लाही |
| ३. | आदमघाट शाखा | पिडा, धादिङ्ग | ३५. | जीरोमाइल शाखा | गौशाला, महोत्तरी |
| ४. | त्रिशुली शाखा | विदुर, नुवाकोट | ३६. | राजपुरमानपुरटपरा शाखा | राजपुर, बर्दिया |
| ५. | धारापानी शाखा | धारापानी, मनाङ्ग | ३७. | आइबिआरडी शाखा | पुनरबास, कञ्चनपुर |
| ६. | घुम्तीबजार शाखा | धैबुङ, रसुवा | ३८. | सम्झना बजार शाखा | बैजनाथ, बाँके |
| ७. | चौतारा शाखा | चौतारा, सिन्धुपाल्चोक | ३९. | सिमरा भवानीपुर शाखा | सिमराभवानीपुर, रौतहट |
| ८. | रामेछाप शाखा | रामेछाप | ४०. | पतारी शाखा | लक्ष्मीपुर पतारी, सिरहा |
| ९. | चक्रतीर्थ शाखा | चक्रतीर्थ, लमजुङ्ग | ४१. | हसौरा शाखा | कावासोती, नवलपरासी |
| १०. | गोर्खा शाखा | सतिपिपल, गोर्खा | ४२. | धौलागिरी शाखा | कञ्चन, रुपन्देही |
| ११. | चन्द्रेश्वर शाखा | चन्द्रेश्वर, लमजुङ्ग | ४३. | गजेहडाबजार शाखा | वाणगंगा, कपिलवस्तु |
| १२. | सोति पसल शाखा | सुर्यपाल लमजुङ्ग | ४४. | बबियाचौर शाखा | पञ्चपुरी, सुर्खेत |
| १३. | जोमसोम शाखा | मार्फा, मुस्ताङ्ग | ४५. | मसुरीया शाखा | गौरीगंगा, कैलाली |
| १४. | दुनै शाखा | दुनै, डोल्पा | ४६. | दुल्लु शाखा | दुल्लु, दैलेख |
| १५. | बुङकोट शाखा | बुङकोट, गोर्खा | ४७. | रङ्गेली शाखा | रङ्गेली , मोरङ |
| १६. | चौघडा शाखा | चौघडा, नुवाकोट | ४८. | देवानगंज शाखा | देवानगंज , सुनसरी |
| १७. | सामरी शाखा | बागेश्वरी, नुवाकोट | ४९. | रामपुर शाखा | बेलका, उदयपुर |
| १८. | रातमाटे शाखा | रातमाटे, नुवाकोट | ५०. | राईगाँउ शाखा | बागमती, मकवानपुर |
| १९. | धार्के शाखा | नौबिसे, धादिङ्ग | ५१. | खोले सिमल शाखा | कालिका, चितवन |
| २०. | रुम्जाटार शाखा | सिद्धिचरण, ओखलढुङ्गा | ५२. | हँशपुर शाखा | बबई, दाङ |
| २१. | कुन्ताबेसी शाखा | महादेवस्थान, काभ्रे | ५३. | वलेवा शाखा | वलेवा , वाग्लुङ |
| २२. | चापाघाट शाखा | ब्यास, तनहु | ५४. | गोलटार शाखा | गोलञ्जोर, सिन्धुली |
| २३. | बेगनास शाखा# | पोखरा , कास्की | ५५. | रागेचौर शाखा | कुमाख, सल्यान |
| २४. | तानसेन शाखा | तानसेन, पाल्पा | ५६. | माडीचौर शाखा | माडीचौर , रोल्पा |
| २५. | मनकामना शाखा | मनकामना, गोर्खा | ५७. | देविस्थान शाखा | मण्डवी, प्यूठान |
| २६. | मानपुर शाखा | घिरिङ्ग, तनहु | ५८. | राडी वजार शाखा | आठवीसकोट, रुकुम |
| २७. | नयाँपुल शाखा | अन्नपूर्ण, कास्की | ५९. | यदुकुवा शाखा | यदुकुवा, धनुषा |
| २८. | पोखरीया शाखा | पोखरीया, पर्सा | ६०. | सर्पल्लो शाखा | बलुवा, महोत्तरी |
| २९. | रंगपुर टाँडी शाखा | पटेर्वा सुगौली, पर्सा | ६१. | डकैला शाखा | बौन्द्रमाई, पर्सा |
| ३०. | दहियार शाखा | म्हागढिमाई, बारा | ६२. | छत्रदेव शाखा | छत्रदेव , अर्घाखाँची |
| ३१. | सेड्वा शाखा | जीराभवानी, पर्सा | ६३. | वलेटक्सार शाखा | रुरु, गुल्मी |
| ३२. | सिम्रोनगढ शाखा | सिम्रोनगढ, बारा | | | |

(घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**यस वित्तीय संस्थाको संक्षिप्त इतिहास :**

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/११/२४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०७०/०२/०१ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत पत्र प्राप्त गरी मिति २०७०/०२/०५ गतेदेखि वित्तीय कारोवार सञ्चालन गरिरहेको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । यस लघुवित्त वित्तीय

संस्थाग्लोबल आईएमई बैंक लि.(तत्कालिन रिलायवल डेभलपमेण्ट बैंक लिमिटेड)को सहायक कम्पनी हो । उक्त संस्थाको मिति २०७४/०६/२९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक नाम रिलायबल माईक्रोफाइनान्स वित्तीय संस्था लि./Reliable Microfinance Bittiya Sanstha Ltd.मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि./Global IME Laghubitta Bittiya Sanstha Ltd.को कम्पनीले सकार्ने गरी नाम परिवर्तन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/१० को पत्र मार्फत स्वीकृति प्रदान गरिएको छ ।साथै नेपाल राष्ट्र बैंकबाट मिति २०७४/१२/०६ गतेको पत्र मार्फत वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त गरी सोही मितिदेखि ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.को नामबाट वित्तीय कारोवार गर्दै आइरहेको छ ।

**यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस लघु वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) लघुवित्त वित्तीय संस्थाको निक्षेपकर्ता र वित्तीय श्रोत प्रदान गर्ने संस्थाहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धि सेवा उपलब्ध गराउने,

(ख) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप स्विकार गर्ने र भुक्तानी दिने,

(ग) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक लघुवित्त सम्बन्धी साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक,ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(घ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायकोस्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(ङ) लघुवित्त सम्बन्धी सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुरयाउने, देशको अर्थतन्त्रलाई सवल तथा सुदृढबनाउन सहयोग पुऱ्याउने, र

(च) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(ङ)शेयर पूँजीको संरचना :**

(क)**अधिकृत पुँजी:**यस लघुवित्तवित्तीय संस्थाको अधिकृत पुँजी रू.३०,००,००,०००।- (अक्षरेपी तीस करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रू. १००।- का दरले जम्मा ३०,००,०००।-(तीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पुँजी:** यस लघुवित्तवित्तीय संस्थाको जारी पुँजी रू.२२,०९,१५,०००।- (अक्षरेपी बाइस करोड नौ लाख पन्ध्र हजार मात्र)रहेको छ । जसलाई प्रति शेयर रू. १००।– का दरले जम्मा २२,०९,१५० (बाइस लाख नौ हजार एक सय पचास मात्र) कित्तासाधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पुँजी:** हाल यसलघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजी रु. ११,०४,५७,५००।- (अक्षरेपी एघार करोड चारलाख सन्ताउन्न हजार पाँच सय मात्र) रहेको छ । जसलाई प्रति शेयर रू. १००।- का दरले जम्मा ११,०४,५७५ ( एघार लाख चार हजार पाँच सय पचहत्तर मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पुँजी रू.२२,०९,१५,०००।- (अक्षरेपी बाइस करोड नौ लाख पन्ध्र हजार मात्र) हुनेछ ।

## (च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :

**हकप्रद शेयर निष्कासन गर्नु पूर्व संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

| क्र. सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | ७,७३,२०२ | ७,७३,२०,२००.०० | ७०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३,३१,३७३ | ३,३१,३७,३००.०० | ३०% | शतप्रतिशत |
| | | **जम्मा** | **११,०४,५७५** | **११,०४,५७,५००.००** | **१००%** | |

**हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पुँजीको संरचना :**

| क्र. सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | १५,४६,४०४ | १५,४६,४०,४००.०० | ७०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ६,६२,७४६ | ६,६२,७४,६००.०० | ३०% | शतप्रतिशत |
| | | **जम्मा** | **२२,०९,१५०** | **२२,०९,१५,०००.००** | **१००%** | |

## (छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड | लागु नहुने । | | | | | | ७,७३,२०२ |

### (ज) निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.११,०४,५७,५००।-को एकशेयर बराबर एक शेयर (१:१)(अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि प्रति शेयर रु.१००।-अंकित दरका ११,०४,५७५ कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ ।

### (झ)धितोपत्र निष्कासन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :

मिति २०७५ कात्तिक २९ गते सम्पन्न भएको आ.व.०७४/०७५ को छैठौ साधारण सभाबाट पारित भए बमोजम बोनस शेयर जारी गरे पश्चात कायम हुने चुक्ता पूँजीको १००%प्रतिशतले हुने रु.११,०४,५७,५००/–हकप्रद शेयर जारी गर्ने बिषय उपर छलफल हुँदा सो लाई सर्वसम्मतिबाट पारित गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७५/०७/२९ गते सम्पन्न छैटौं बार्षिक साधारण सभा ।**

### (ञ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस लघुवित्त वित्तीय संस्थाकोसञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | ठेगाना | अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव | उमेर |
|---|---|---|---|---|---|---|
| १. | बुद्धि अकेला (संस्थापक समूह) | अध्यक्ष | एम.वि.ए. | गुलरिया ७, बर्दिया | हाल ग्लोबल आइएमई बैंक लि.मा मुख्य प्रबन्धकपदमा कार्यरत र विभिन्न वाणिज्य बैकहरुमा १५ वर्ष भन्दा बढिको कार्य अनुभवरहेको । | ४४ वर्ष |
| २. | रुपेन्द्र वाग्ले (संस्थापक समूह) | सञ्चालक | एम.वि.एस. | सुर्यविनायक ५, भक्तपुर | हाल ग्लोबल आइएमई बैंक लि.मा प्रबन्धक पदमा कार्यरत र विभिन्न वाणिज्य बैकहरुमा १९ वर्ष भन्दा बढिको कार्य अनुभवरहेको । | ४१ वर्ष |
| ३. | गणेश प्रसाद अवस्थी (संस्थापक समूह) | सञ्चालक | एम.वि.एस. | नवदुर्गा २, डडेलधुरा | हाल ग्लोबल आइएमई बैंक लि.मा प्रबन्धक पदमा कार्यरत र विभिन्न वाणिज्य बैंकहरुमा १८ वर्षभन्दा बढिको कार्य अनुभव रहेको । | ४२वर्ष |
| ४ | शान्ता शिवाकोटी (संस्थापक समूह) | सञ्चालक | एम.वि.एस. | सुस्मा क्षमावती ८, दोलखा | हाल ग्लोबल आइएमई बैंक लि.मा प्रबन्धक पदमा कार्यरत र विभिन्न वाणिज्य बैंकहरुमा १८ वर्षभन्दा बढिको कार्य अनुभव रहेको । | ४१वर्ष |
| ५. | विजय राज जोशी (स्वतन्त्र) | सञ्चालक (स्वतन्त्र) | एम.ए.(अर्थशास्त्र) | चिति ६, लमजुङ्ग | त्रि.वि.मा उप प्राध्यापक ३० वर्ष, नेपाल बैंक लि. र तत्कालिन रिलायबल डेभलपमेन्ट बैंक लि. मा सञ्चालक रहेको । | ६६वर्ष |
| ६. | मिन प्रसाद ज्ञवाली (सर्वसाधारण समूह) | सञ्चालक | एम.ए. | थानापति ८, गुल्मी | नेपाल सरकारको उपसचिव पदवाट सेवानिवृत्त, हाल शेयर कारोवारमा संलग्न । | ६३ वर्ष |
| ७. | अनिमेश हल्वाई (सर्वसाधारण समूह) | सञ्चालक | वि.वि.ए. इएमविए अध्ययनरत | अनारमनी ४, झापा | पूँजी बजार सम्वन्धी पाँच वर्षदेखिको कार्यानुभव। | २७ वर्ष |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

नाम :- किरण कुँवर
ठेगाना :- सुन्दरबजार न.पा.– ८, लमजुङ
शैक्षिक योग्यता :- वाणिज्य शास्त्रमा स्नातकोत्तर
अनुभव :-शिक्षण तथा सहकारीमा १६ वर्षको कार्य अनुभव तथा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडमा ४ वर्षदेखि प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत ।

### (ट)सञ्चालक समितिको बनौट :

यस लघुवित्त वित्तिय संस्थाको नियमावलीको भएको व्यवस्था अनुसार ७(सात)जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| क) समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ४ जना |
| ख)समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ जना |
| ग)सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

यस यस लघुवित्त वित्तिय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस वित्तीय संस्थाको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर धितोबन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक, स्वतन्त्र सञ्चालकतथा बैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागू हुनेछैन ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एकशेयर बराबर एक शेयर(१ : १) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्नेसम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै:शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ)हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर(Fraction Share)मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयरबाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयरबाँडफाँट गरिनेछ ।

**(ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणको साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.एस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

**वासलात(रु.हजारमा)**

| विवरण | बास्तविक | | | आ.ब.* २०७५/७६ चैत्र मसान्त सम्मको अपरिष्कृत | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७२/७३ | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ | | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
| १. शेयर पूँजी | ५६,५०० | ८८,१४४ | १,१०,४५७ | १,८७,७७८ | २,५४,०५३ | ३,०४,८६३ | ३,६५,८३६ |
| २. जगेडा तथा कोषहरु | १०,२७५ | ९,४४६ | १५,४४१ | ५५,९८० | ३१,९२१ | ५५,५६५ | ८४,१२७ |
| ३. ऋणपत्र तथा बन्ड | – | – | – | – | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ३,४५,३५९ | ४२९,२८६ | ९,९४,६३८ | २२,६९,७७४ | २३,२४,०५८ | २७,५८,२५४ | ३४,४८,१६० |
| ५. निक्षेप दायित्व | ८१,५९९ | १६३,४०४ | ३,६०,८८८ | ७,१२,९७५ | ८,०४,५९५ | १०,०५,८४३ | १२,५७,४२९ |
| ६. प्रस्तावित नगद लाभांश | ११,३०० | ५९५ | ७५८ | – | १,७४४ | २,६७४ | १५,२४३ |
| ७. आयकर दायित्व | – | – | ५५ | १७,४९६ | १,११५ | १,६७६ | २,२९१ |
| ८. अन्य दायित्व | १२,०८५ | २२,४४१ | ३४,८६४ | ८१,२५२ | ७२,३७० | ९१,२२२ | १,१३,४६३ |
| **कूल दायित्व** | **५,१७,११९** | **७१३,३१६** | **१५,१७,१०२** | **३३,२५,२५६** | **३४,८९,८५६** | **४२,२०,०९७** | **५२,८६,५४९** |
| **सम्पत्ति** | | | | | | | |
| १. नगद मौज्दात | ८०० | १५६ | २३१ | १,०९४ | १,४२१ | १,६८७ | २,४१५ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – | – | – | – | – |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | ६०,७५३ | १०७,४२१ | २,२६,७८८ | ३,४६,३०४ | ४,१४,३८६ | ४,७३,१३८ | ४,९४,५३८ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – | ६०,००० | ६०,१७९ | ५३,०६३ | १,४७,०८२ |
| ५. लगानी | ८४,००० | ११७,१२१ | १,८१,३२१ | १,३२१ | ७२,८२१ | ११,३२१ | ५१,३२१ |
| ६. कर्जा, सापट तथा बिल खरीद | ३,५२,९५९ | ४४५,७२८ | १०,८६,३६९ | २८,३८,२९९ | २९,०३,२७१ | ३६,२९,३६४ | ४५,३६,९३३ |
| ७. स्थिर सम्पत्ति | १६,०१३ | १८,०८६ | १८,४९० | ३०,१४० | ३०,५२६ | ४२,५७५ | ४३,१६५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – | – | – | – | – | – |
| ९. अन्य सम्पत्ति | २,५९३ | २४,८०४ | ३,९०१ | ४८,०९८ | ७,२५२ | ८,९५१ | ११,०९५ |
| | | | | | | | |
| **कूल सम्पत्ति** | **५,१७,११९** | **७१,३१६** | **१५,१७,१०२** | **३३,२५,२५६** | **३४,८९,८५६** | **४२,२०,०९७** | **५२,८६,५४९** |

*नोट *: आ.व. ०७५/०७६ को चैत्र मसान्तसम्मको वित्तीय विवरणहरु व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण हुन ।*

## वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

(रु.हजारमा)

| विवरण | बास्तविक | | | आ.ब.* २०७५/७६ चैत्र मसान्त सम्मको अपरिष्कृत | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७२/७३ | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ | | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
| १. ब्याज आम्दानी | ६५,१९० | ८६,८०२ | १,४४,०८० | २,५४,८१३ | ४,१६,१६६ | ५,१६,४२६ | ६,४२,०१५ |
| २. ब्याज खर्च | १८,२८१ | ३६,४७७ | ८६,५६७ | १,५९,८०९ | २,७३,५३३ | ३,२८,७१० | ४,१०,९२९ |
| **खुद ब्याज आम्दानी** | **४६,९०८** | **५०,३२५** | **५७,५१३** | **९५,००४** | **१,४२,६३३** | **१,८७,७१५** | **२,३१,०८६** |
| ३. कमिशन तथा डिस्काउण्ट | ६,२४२ | ७,५८८ | २४,४१० | ६०,०४७ | ६१,८६७ | ६४,३५९ | ८०,४५७ |
| ४. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **५३,१५०** | **५७,९१३** | **८१,९२३** | **१,५५,०५१** | **२,०४,५००** | **२,५२,०७५** | **३,११,५४३** |
| ५. कर्मचारी खर्च | १३,५२६ | २२,७५० | ३२,४२९ | ५२,१२३ | ६८,९०१ | ७९,२३६ | ८७,१५९ |
| ६. अन्य सञ्चालन खर्च | ७,४७६ | ११,७४४ | २०,१७५ | २१,६२७ | ३४,४११ | ३९,४२५ | ४४,६४५ |
| ७. सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा** | **३२,१४८** | **२३,४१९** | **२९,३१९** | **८१,३०१** | **१,०१,१८९** | **१,३३,४१४** | **१,७९,७३९** |
| ८.सम्भावित नोक्सानी ब्यवस्थाहरु | २,७९३ | ५,९०३ | ४,९७२ | २०,६७७ | २२,२८४ | ९,७३५ | १२,३०६ |
| **सञ्चालन मुनाफा** | **२९,३५४** | **१७,५१५** | **२४,३४७** | **६०,६२४** | **७८,९०५** | **१,२३,६७९** | **१,६७,४३४** |
| ९. गैर सञ्चालन आम्दानी/(खर्च) | - | - | ४०१ | ३,४२३ | ३,७१७ | ४५० | २,२५० |
| १०. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | - | - | - | १०६ | - | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **२९,३५४** | **१७,५१५** | **२४,७४८** | **६४,१५३** | **८२,६२२** | **१,२४,१२९** | **१,६९,६८४** |
| ११. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **२९,३५४** | **१७,५१५** | **२४,७४८** | **६४,१५३** | **८२,६२२** | **१,२४,१२९** | **१,६९,६८४** |
| १२. कर्मचारी बोनस ब्यवस्था | २,६६९ | १,५९२ | २,२५० | ५,८३२ | ८,२६२ | १२,४१३ | १६,९६८ |
| १३. आयकर ब्यवस्था | ८,०१२ | ४,८५८ | ६,७८५ | - | २२,३०८ | ३,३५,५१५ | ४५,८१५ |
| यस वर्षको कर ब्यवस्था | ७,८३७ | ५,१४० | ७,२०७ | १७,४९६ | (१३१) | (१५७) | (१८९) |
| विगत वर्षसम्मको कर ब्यवस्था | - | २६ | - | - | - | - | - |
| यस वर्षको स्थगन कर (आम्दानी) / खर्च | १७५ | (३०८) | (४२२) | | - | - | - |
| **खुद नाफा/नोक्सान** | **१८,६७४** | **११,०६५** | **१५,७१३** | **४०,८२५** | **५२,१८३** | **७८,३५९** | **१,०७,०९०** |
| शेयर संख्या (हजारमा) | ५६५ | ७६८ | ९६० | १,८७७ | २,२०९ | २,५४० | ३,०४९ |
| प्रति शेयर आम्दानी (रु.) | ३३ | १४ | १६ | २२ | २४ | ३१ | ३५ |

,

## सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ

| विवरण | वास्तविक | | | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ |
| प्रति शेयर आम्दानी (रु.) | ३३ | १४ | १६ | २४ | ३१ | ३५ |
| प्रति शेयर नेटवर्थ | ११८.१९ | ११२.२९ | १३१.०८ | १२९.४५ | १४१.८७ | १४७.५९ |

**अनुमानित वित्तीय विवरणहरु तयार गर्दाका आधारहरु :**

| विवरण | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ |
|---|---|---|---|
| १. कूल निक्षेपमा औषत वृद्धिदर | १२२.९५ | २५.०१ | २५.०१ |
| २. कूल कर्जामा औषत वृद्धिदर | १६७.२९ | २५.०० | २५.०० |
| ३. कूल आयमा औषत वृद्धिदर | १८४.०० | २५.०० | २६.०० |
| ४. कूल खर्चमा औषत वृद्धिदर | १७०.७८ | १८.७२ | २१.३२ |
| ५. सञ्चालन खर्च तथा कूल आम्दानी अनुपात | ७८.८३ | ७७.०३ | ७५.१२ |
| ६. खुद मुनाफामा औषत वृद्धिदर | २३२.११ | ५०.१६ | ३६.६७ |
| ७. निक्षेपको औषत व्याजदर | ८.०० | ८.०० | ८.०० |
| ८. कर्जा तथा सापटको औषत व्याजदर | ९.०० | ९.०० | ९.०० |
| ९. आयकर दर | ३० | ३० | ३० |
| १०. अनिवार्य मौज्दात (CRR) | १२.५८ | ११.९९ | १०.०२ |
| ११. पूँजीकोष पर्याप्तता (CAR) | १०.१८ | १०.३२ | १०.३२ |

१. २०७५ चैत मसान्तमा प्रकाशित तेस्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरणमा कर्जा तथा सापटतर्फरु.२,८३,८२,९९,४४० र निक्षेपतर्फ रु.७१,२९,७४,६८० रहेको उल्लेख गरिएको र २०७५ चैत मसान्तको वित्तीयविवरणको आधारमा आ.व. २०७५।०७६ को बार्षिक वित्तीय विवरण प्रक्षेपण गर्दा अघिल्लो आ.व. २०७४।०७५ को तुलनामा आ.व.२०७५/०७६ को प्रक्षेपित वित्तीय विवरणमा कर्जा तथा सापट, निक्षेप तथा अन्य शिर्षकहरुमा समेत अस्वभाविक बृद्धि देखिएको भएता पनि २०७५ चैत मसान्तमा प्रकाशित तेस्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरणको प्रगती आधारमा प्रस्तुत भएको आ.व. २०७५।७६ प्रक्षेपित वित्तीय विवरण स्वभाविक नै रहेको देखिएको छ ।

२. प्रक्षेपण अवधिभर कर्जा तथा सापटमा औषत १३% व्याज तथा बैंक निक्षेपमा औषत ४% व्याज अनुरुप व्याज आम्दानीहुनेअनुमान गरिएको छ ।

३. प्रक्षेपण अवधिभर कर्जा तथा सापटमा १.५% कर्जा व्यवस्थापन शुल्क अनुमान गरिएको छ ।

४. प्रक्षेपण अवधिभर बचतमा औषत ८% व्याज र लिइएको कर्जा सापटमा औषत ९% व्याज अनुरुप व्याज खर्च हुनेअनुमान गरिएको छ ।

५. शाखा विस्तार योजनाबाट हुने कर्मचारी खर्च वृद्धि बाहेक प्रक्षेपण अवधिभर कर्मचारी खर्च बार्षिक १०% ले वृद्धि हुने अनुमान गरिएको छ ।

६. ह्रासकट्टी तथा मर्मत/संभार खर्च बाहेक प्रक्षेपण अवधिभर सञ्चालन खर्च बार्षिक १०% ले वृद्धि हुने अनुमान गरिएको छ ।

७. कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकबाट हाल सो सम्बन्धित जारि निर्देशन बमोजिम गरिएको छ ।

८. कर्मचारी बोनस खर्च हालको बोनस ऐनको प्रावधान अनुरुप गरिएको छ ।

९. आयकर खर्च हालको आयकर ऐनको प्रावधान अनुरुप व्यवस्था गरिएको छ ।

१०. कर्जा तथा सापटको बार्षिक व्याज आम्दानी मध्ये बर्षान्त सम्ममा एक महिनाको व्याज आम्दानी उठ्न बाकीं हुने अनुमान गरिएको छ ।

आर्थिक वर्ष २०७५/७६ पछिका प्रक्षेपणका लागि आ.व. २०७५/७६ मा हकप्रद शेयर निष्कासन पछिको संस्थाको आर्थिक अवस्थालाई स्रोत मानि प्रक्षेपण प्रस्तुत गरिएको छ ।

### विगत तथा आगामी ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक | | | आ.व.* २०७५/०७६ चैत्र मसान्तसम्मको अपरिष्कृत | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ |
| चुक्ता पुँजी | ५६,५०० | ८८,१४४ | १,१०,४५७ | १,८७,७७७.७५ | २,५४,०५३ | ३,०४,८६३ | ३,६५,८३६ |
| जगेडा, कोष तथा संचित नाफा | १०,२७५ | ९,४४६ | १५,४४१ | ५५,९८० | ३१,९२१ | ५५,५६५ | ८४,१२७ |
| **जम्मा** | **६६,७७५** | **९७,५९०** | **१,२५,८९८** | **२,४३,७५८** | **२,८५,९७४** | **३,६०,४२८** | **४,४९,९६३** |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | **६६,७७५** | **९७,५९०** | **१,२५,८९८** | **२,४३,७५८** | **२,८८,५६४** | **३,९४,८१०** | **५,०९,२६४** |
| **खुद नाफा/नोक्सान** | **१८,६७४** | **११,०६५** | **१५,७१३** | **४०,८२५** | **५२,१८३** | **७८,३५९** | **१,०७,०९०** |
| शेयर संख्या (हजारमा) | ५६५ | ७६८ | ९६० | १,८७८ | २,२०९ | २,५४० | ३,०४९ |
| प्रति शेयर नेटवर्थ | ११८.१९ | ११२.२९ | १३१.०८ | १२९.८१ | १२९.४५ | १४१.८७ | १४७.५९ |
| नेटवर्थमा प्रतिफल*** | २७.९७ | १२.८२ | १२.४८ | १६.७५ | १८.२५ | २१.७४ | २३.८० |
| नेटवर्थमा औषत प्रतिफल*** | १७.७६ | | | | २१.२६ | | |
| **निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल = १५.२९%** (**Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)**) | | | | | | | |

नोट : *व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

** प्रक्षेपित वित्तीय विवरण वित्तीय संस्था आफैले तयार पारेको र सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा एफ.सि.ए.श्री सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिवहाल, नक्साल, काठमाण्डौंरहेको छ।

***नेटवर्थको गणना नेपाल लेखामान बमोजिम गरिएको छ।

**(त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :**

**(क) वित्तीय संस्थाको आ.व. २०७४/७५ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण साधारण सभाबाट पारित भई देहाय बमोजिम रहेको छ :**

**वासलात**

**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मको** (रु. हजारमा)

| विवरण | रकम |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| १. शेयर पूँजी | १,१०,४५७ |
| २. जगेडा तथा कोषहरु | १५,४४१ |
| ३. ऋणपत्र तथा बन्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ९,९४,६३८ |
| ५. निक्षेप दायित्व | ३,६०,८८८ |
| ६. भुक्तानी दिनुपर्ने बिलहरु | ७५८ |
| ७. प्रस्तावित नगद लाभांश | ५५ |
| ८. आयकर दायित्व | ३४,८६४ |
| ९. अन्य दायित्व | - |
| **कुल दायित्व** | **१५,१७,१०२** |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात | २३१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | २२६,७८८ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १८१,३२१ |
| ६. कर्जा, सापट तथा बिल खरीद | १०,८६,३६९ |
| ७. स्थीर सम्पत्ति | १८,४९० |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ३,९०१ |
| **कूल सम्पत्ति** | **१५,१७,१०२** |

**नाफा/ नोक्सान हिसाब**
**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मका(रु. हजारमा)**

| विवरण | रकम |
|---|---|
| १. ब्याज आम्दानी | १,४४,०८० |
| २. ब्याज खर्च | ८६,५६७ |
| **खुद ब्याज आम्दानी** | **५७,५१३** |
| ३. कमिशन तथा डिस्काउण्ट | २४,४१० |
| ४. सटही घटबढ आम्दानी | - |
| **कूल सञ्चालन आम्दानी** | **८१,९२३** |
| ५. कर्मचारी खर्च | ३२,४२९ |
| ६. अन्य सञ्चालन खर्च | २०,१७५ |
| ७. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | २९,३१९ |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरु | **४,९७२** |
| **सञ्चालन मुनाफा** | २४,३४७ |
| ९. गैर सञ्चालन आम्दानी/(खर्च) | ४०१ |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | २४,७४८ |
| ११. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खूद मुनाफा** | २४,७४८ |
| १२.कर्मचारी बोनस व्यवस्था | **२,२५०** |
| १३.आयकर व्यवस्था | |
| यस वर्षको कर व्यवस्था | ६,७८५ |
| विगत वर्षसम्मको कर व्यवस्था | ७,२०७ |
| यस वर्षको स्थगन कर (आम्दानी) / खर्च | (४२२) |
| **खुद नाफा/नोक्सान** | १५,७१३ |

**नाफा/नोक्सान बाँडफाँड हिसाव**
**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मको**

(रु. हजारमा)

| विवरण | रकम |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | ७९१ |
| २. यस वर्षको मुनाफा | १५,७१३ |
| ३. शेयर प्रिमियमबाट नाफा नोक्सानका हिसाबमा सारेको | ५,४४९ |
| ४.स्थगन कर कोषबाट फिर्ता | - |
| **जम्मा** | **२१,९५३** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | - |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधारण जगेडाकोष | ३,१४३ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था बिकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | ७५८ |
| ९. प्रस्तावित बोनस शेयर | १४,४०७ |
| १०. बिशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. स्थगन कर कोष | - |

| | |
|---|---|
| १५. ग्राहक संरक्षण कोष | १५७ |
| १६. सामाजिक उत्तरदायित्व कोष | १५७ |
| **जम्मा** | १८,६२३ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **३,३३०** |

**नगद प्रवाह विवरण**
**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मको**

(रु. हजारमा)

| विवरण | रकम |
|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | **१,७४,५९९** |
| **१. नगद प्राप्ति** | १,६८,७२१ |
| १.१ ब्याज आम्दानी | १,४३,९१७ |
| १.२ कमीशन तथा अन्य आम्दानी | २४,८०४ |
| १.३ अपलेखित कर्जाको असुली | - |
| **२. नगद भुक्तानी** | १,३६,२३४ |
| २.१ ब्याज खर्च | ८०,०२० |
| २.२ कर्मचारी खर्च | ३१,५०७ |
| २.३ कार्यालय सञ्चालन खर्च | १८,०७८ |
| २.४ आयकर भुक्तानी | ६,६३० |
| २.५ अन्य खर्च | - |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | ३२,४८७ |
| सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि) | (६,२४,६४९) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - |
| २. अन्य अल्पकालीन कमी/(वृद्धि) | - |
| ३. कर्जामा कमी/(वृद्धि) | (६,४५,६१४) |
| ४.अन्य सम्पत्तिमा कमी/(वृद्धि) | २०,९६५ |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा कमी /वृद्धि** | ७,६६,७६१ |
| १. निक्षेपमा दायित्वमा (कमी/वृद्धि) | १,९७,४८५ |
| २. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | **५,६५,३५२** |
| ३.अन्य दायित्वमा (कमी)/वृद्धि | ३,९२५ |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(६६,६९५)** |
| १. दीर्घकालिन लगानीमा कमी/(वृद्धि) | - |
| २. स्थीर सम्पत्तीमा कमी/(वृद्धि) | (२,४९५) |
| ३. दीर्घकालिन लगानीमा ब्याज आम्दानी | - |
| ४. आभांश आम्दानी | - |
| ५. अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (६४,२००) |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **११,५३८** |
| १. दीर्घकालिन ऋण (वण्ड, डिवेन्चर,आदि) मा वृद्धि/(कमी) | - |
| २. शेयर पूँजीमा वृद्धि/(कमी) | १३,३५४ |
| ३. अन्य दायित्वमा (कमी)/वृद्धि | (१,८१६) |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - |
| (ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | १,१९,४४२ |
| (च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १,०७,५७७ |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | २,२७,०२० |

(ख) **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :** आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

(ग) **धितोपत्र निष्कासन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्कासन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

**(थ)संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
ख) लघु वित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ङ) निक्षेपको ब्याजदरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरु ।
च) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
छ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको वित्तीय तथा मौद्रिक नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
ज) अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरु ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम</u>**

रु.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**<u>सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।</u>**

लघु वित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि लघु वित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ । लघु वित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धि बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालिन तथा दिर्घकालिन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघु वित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय अनुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समय अनुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लाने नीति लघु वित्त वित्तीय संस्थाको रहेको छ ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरप्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका,२०७४" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**(ध)संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब,लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखि कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) कम्पनीको रजिष्टर्ड कार्यालय, बेसीशहर - ८, लमजुङ्ग, नेपाल ।
(ख) धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक : लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं ।

**(न) निष्कासन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**निष्कासन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**(प) शेयरसूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७(सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममाशेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरप्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूलेलिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढांचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा तपशिल बमोजिमका विवरणहरु पूर्ण रुपले भर्नु पर्नेछ ।
(क) आवेदकको पूरा नाम (नेपाली तथा अङ्ग्रेजी दुवैमा उल्लेख गर्नुपर्नेछ ।
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
(च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(छ)धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।
४)हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयरबाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७)तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविकशेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८)हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९)यस विवरण मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरप्राप्त गर्ने डिम्याट खाता (D-MAT Account/BOID No.)भएका आवेदकहरुलाईनीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागिआवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
साथै, कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीकोशेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**(भ)आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**सो नभएको ।

**(म)संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानकोआधार तथातरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्थातथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगानाः**

(क)कम्पनीको छैठौं बार्षिक सभाको निर्णय बमोजिम आ.व.२०७४/०७५ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि जि.एण्ड जि. एशोसिएट्सचार्टड एकाउन्टेण्टससि.ए. श्री विजय राज घिमिरे, धोविधारा मार्ग, पुतलीसडक, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।
(ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत श्री किरण कुँवर हुनुहुन्छ र सुन्दरबजार न.पा.९,लमजुङ निवासी निज कुँवरले बाणिज्य शास्त्रमास्नातककोत्तर शैक्षिक योग्यता हासिल गर्नु भएको छ ।
(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्कासनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीयविवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ताकम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा एफ.सि.ए.श्री सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिवहाल, नक्साल, काठमाण्डौं रहेको छ ।
(घ) यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौंले तयार गरेको हो ।
(ङ) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्कासन तथा बिक्री प्रबन्धककोप्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको पूँजीकोष कायम गरी व्यवसाय वृद्धि गर्नको लागि हकप्रद शेयर निष्कासन गरी पूँजी संकलन गर्न ।
२) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुपमिति २०७५/०७/०९ गते सम्पन्न छैटौं बार्षिक साधारण सभाबाटएकशेयरबराबर नयाँएक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४)कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्नआवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याई राख्न ।

५)यस बाहेक कम्पनीले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| क.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | लगानी अभिवृद्धि | ८,८३,६६,०००.०० |
| २. | शाखा विस्तार तथा जनशक्ति व्यवस्थापन | २,२०,९१,५००.०० |
| | जम्मा | ११,०४,५७,५००.०० |

**नोट :** हकप्रद निष्कासनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धमा रु.२,२०,९१,५००.०० शाखा विस्तार तथा जनशक्ति व्यवस्थापनमा प्रयोग हुने उल्लेख भए बमोजिम आ.व. २०७५।७६ मा आ.व. २०७४।७५ को तुलनामा जनशक्ति व्यवस्थापन सम्बन्धित खर्चमा रु.३६,४७२ हजार (११२.४७ प्रतिशतले) बृद्धि भएको र शाखा विस्तारका लागि स्थिर सम्पत्ति अन्तर्गत विभिन्न शिर्षकमा रु.९,६९० हजार सम्पत्ति खरिद गरिने व्यहोरा वित्तीय प्रक्षेपणमा प्रस्तुत गरिनुको साथै शाखा विस्तारका क्रममा हुने भाडा लगायतका अन्य खर्च पनि सोही अनुरुप वित्तीय प्रक्षेपणमा प्रस्तुत गरिएको ।

### (र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

### (ल)हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौ ।**

२. लघु वित्तीय संस्थाकोरजिर्ष्टर्ड (केन्द्रिय) कार्यालय तथा शाखा कार्यालयहरु:

| क.स. | शाखाको नाम | ठेगाना | क.स. | शाखाको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | बेसीशहर केन्द्रिय कार्यालय | बेसीशहर, लमजुङ्ग | ६ | बेगनास शाखा# | पोखरा , कास्की |
| २ | रङ्गेली शाखा | रङ्गेली , मोरङ | ७ | सम्झना बजार शाखा | बैजनाथ, बाँके |
| ३ | पोखरीया शाखा | पोखरीया, पर्सा | ८ | बाबियाचौर शाखा | पञ्चपुरी, सुर्खेत |
| ४ | खोले सिमल शाखा | कालिका, चितवन | ९ | मसुरीया शाखा | गौरीगंगा, कैलाली |
| ५ | त्रिशुली शाखा | विदुर, नुवाकोट | | | |

नोट**:**चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।**

३. श्री लक्ष्मी क्यापिटल मार्केट लि., नयाँ बानेश्वर, काठमाण्डौं ।

४. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्कासनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)**ड्राफ्टका साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौंमा पठाइएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वासेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्कासनकर्ता कम्पनी ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. को वेभसाइट www.gilb.com.npवा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको वेभसाइट www.laxmicapital.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्कासनकर्ता कम्पनी ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. को वेभसाइट www.gilb.com.npतथा निष्कासन तथा बिक्री प्रबन्धकको वेभसाइट www.laxmicapital.com.np बाट हेर्न सकिनेछ ।

**निष्कासन बैंक सम्बन्धी व्यवस्था :**

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ । |

### (व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :

कम्पनीले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाका सञ्चालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेकोछ । साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व.०७४/०७५सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७६/०१/१७गतेको पत्रानुसार आ.व.०७४/०७५ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्कासन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि.,

डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४ +"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४ +"**ले औसतभन्दा तल आधारहरु **(Below-Average Fundamentals)**जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।ईक्रा नेपाल लि.ले यस कम्पनीलाई मिति २५/०१/२०७६ (May ०८, २०१९) मा क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको छ ।

**(श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७२/०७३ | ५८५ | ३२१ | ५८५ | २१८.३५ |
| ०७३/०७४ | २,७९० | ५९६ | १,९०० | १,९८,३६२.७८ |
| ०७४/०७५ | २,४८० | ९५१ | १,२०० | १,१०,०२५.८७ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम्, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **२०७६ बैशाख** | १,०५२ | १,०१० | १०५२ | २८६.०० |
| **२०७६ जेष्ठ** | १३९९ | १२०१ | १२६८ | १४९.०९ |
| **२०७६ आषाढ** | १,३६१ | १,१७० | १,२०२ | २२.०७ |

द्रष्टव्य :यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**(ष) यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | बुद्धि अकेला (संस्थापक समूह) | अध्यक्ष | |
| २. | रुपेन्द्र वाग्ले (संस्थापक समूह) | सञ्चालक | |
| ३. | गणेश प्रसाद अवस्थी(संस्थापक समूह) | सञ्चालक | |
| ४. | शान्ता शिवाकोटी(संस्थापक समूह) | सञ्चालक | |
| ५. | विजय राज जोशी (स्वतन्त्र) | सञ्चालक | |
| ६. | मिन प्रसाद ज्ञवाली (सर्वसाधारण समूह) | सञ्चालक | |
| ७. | अनिमेश हल्वाई (सर्वसाधारण समूह) | सञ्चालक | |

**(स) निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका व्यवस्थापन/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा उक्त संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति** (Soft Copy) **नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ।**